


Research Management Cell (RMC)
JANAJYOTI MULTIPLE CAMPUS, Lalbandi Sarlahi
JANAJYOTI JOURNAL

ISSN: 2961-1563 (Print)

# 'आँसुको छाल' हाइकु कृतिमा प्रकृति चित्रण

गौतम रानाभाट
ashafalnews@gmail.com

## सार

*प्रकृति नै सारा संसारको मूल तत्त्व हो । प्रकृतिबाटै चराचर जगत्का हरेक क्रियाकलाप अनवरत र सन्तुलित ढङ्गले चलिरहेका छन् । हाइकु नेपाली साहित्यको प्रकृतिपरक आगन्तुक लघुतम पद्य भएकाले यो अध्ययनीय विषय हो । यस अनुसन्धानको उद्देश्य भीम रानाभाट ज्यालादारीको 'आँसुको छाल' हाइकुसङ्ग्रहका हाइकुहरूमा प्रयुक्त प्रकृति चित्रणको अध्ययनमा केन्द्रित छ। सामग्री सङ्कलनमा पुस्तकालयलाई प्रमुख स्रोत मानिएको छ। अनुसन्धानको प्राथमिक स्रोत 'आँसुको छाल' हाइकु कृति हो । आवश्यकतानुसार विभिन्न अध्ययन-अनुसन्धान, व्याख्या-विश्लेषण र समीक्षा-समालोचनालाई सहायक सामग्रीका रूपमा लिइएको छ। हाइकुका उपकरण तथा तत्त्व र त्यस सम्बन्धमा विभिन्न विद्वान्हरूले अगाडि सारेका चिन्तन एवम् दृष्टिकोणलाई प्रकृति चित्रणको सैद्धान्तिक आधार बनाइएको छ। रानाभाटको व्यक्तित्व र कृतित्वको सामान्य चर्चा भए पनि उनका हाइकुहरूमा अभिव्यक्त प्रकृति चित्रणलाई आधार बनाएर हालसम्म अनुसन्धान नभएकाले त्यसको पुष्टि यस अनुसन्धानमा गरिँदा सम्बन्धित अध्येता र हाइकु लेखकलाई आवश्यक पृष्ठपोषणसहित मार्गदर्शन हुने अपेक्षा गरिएको छ। प्रकृतिको अभावमा कोही, केही र कसैको अस्तित्व रहँदैन भन्ने प्रकृतिप्रेमलाई रानाभाटले हाइकुहरूमा प्रस्तुत गरेका छन् । यस अध्ययनबाट प्रकृतिका दृश्य, स्पर्श, ध्वनि, गन्धका साथै*

*स्वादलाई मानवीकरण गरेर बिम्बात्मक, प्रतीकात्मक र आलङ्कारिक रूपमा प्रस्तुत गर्नु नै लेखकको मूल मर्म रहेको कथ्य प्राप्त भएको छ ।*

**मुख्य शब्दावली :** अनसभव, अनुकम्पन, ऋतुबोधक, किगो, किरेजी ।

## अध्ययनको पृष्ठभूमि

पोखरा कर्मभूमि बनाएका भीम रानाभाट पिता पूर्णबहादुर र माता बाटुली रानाभाटको कोखबाट वि.सं. २०२३ सालमा तनहुँको जामुने-३ मा जन्मेका हुन् । नेपाली साहित्यमा ज्यालादारी नामले परिचित रानाभाट तीन दशकदेखि गीत, कविता र मुक्तक लेखनमा क्रियाशील छन् । स्नातकोत्तरसम्मको अध्ययनपछि कृषि विकास बैंकमा अधिकृतका रूपमा सेवारत रही निवृत्त जीवन बिताउँदै आएका ज्यालादारीसँग वि.सं. २०४८ सालदेखि साहित्यिक पत्रिका सम्पादनको अनुभव छ । 'प्रयोग', 'निगालो' र 'गण्डकी सङ्गम' को सम्पादन समूहमा बसेर काम गरिसकेका उनका रगतका छिर्का (मुक्तकसङ्ग्रह-२०४९), रङ्ग, रगत र मान्छे (कवितासङ्ग्रह-२०६४), यही हो मेरो देश (मुक्तकसङ्ग्रह-२०७०), आँसुको छाल (हाइकुसङ्ग्रह-२०७३), पग्लिँदै छ सगरमाथा (गीतसङ्ग्रह-२०७४) प्रकाशित छन् । नेपाली साहित्यमा काव्य विधाको सर्जक र साहित्यिक सङ्गठनको व्यक्तित्व विकास गरिसकेका ज्यालादारीको आँसुको छाल हाइकुसङ्ग्रहलाई सुनाखरी साहित्यिक द्वैमासिक पत्रिकाले प्रकाशन गरेको हो । बहत्तर पृष्ठमा संरचित यस कृतिको आवरण हानानो ओसिवाना कलाका पारखी मिलन शेरचनको कलामा सजिएको छ । सहयात्राका सारथीलाई समर्पण गरिएको कृतिमा १९५ हाइकुहरू सङ्ग्रहित छन् । हाइकु मजबुत, कसिलो र सूत्रात्मक भाषामा उन्ने विधा भएकाले उनले सामाजिक, सांस्कृतिक, प्राकृतिक, भौगोलिक, राजनीतिक एवम् ऐतिहासिक विषयवस्तुलाई प्रकृति बिम्बका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

भीम रानाभाट ज्यालादारीका बारेमा तेजविलासले आँसुको छालमा विचारको भेल (२०७७) शीर्षकमा सामान्य यस कृतिभित्रको कृतिगत चर्चा गरेका छन् । यसमा उनले वैचारिक पक्षलाई अघि राखे पनि प्रकृति चित्रणको विषय झिनो बनाएका छन् । नारायण मरासिनीले रङ, रगत र मान्छे (२०८०) मा समाज रूपान्तरणको स्वरलाई उजागर गरेको चर्चा गरेका छन् । यस आलेखमा कविता कृतिको चर्चा गरेको भए तापनि हाइकुको सन्दर्भ आउन सकेको छैन ।

आँसुको छाल हाइकुसङ्ग्रहमा विषयवस्तुका हिसाबले देशभक्ति, मानवतावाद, वर्गीय असमानता, युगबोधको अभिव्यक्ति, प्रेमपक्षलगायतका युगीन पीडा, छटपटी र व्यथाहरूको कलात्मक अभिव्यक्ति पाइन्छ । रानाभाटले हाइकुमा प्रकृतिका रुख, बिरुवा, पात, पतिङ्गर, चराचुरुङ्गी, खोला, नाला, छहरा, झर्ना, ऋतु, जुनकिरी, सूर्य, चन्द्र, वर्षा, बादल, दिन जस्ता स्वरूपलाई अटाएका छन् । सरल, सहज र सरस मात्र नभएर बिम्बात्मक, प्रतीकात्मक एवम् आलङ्कारिक तरिकाले अभिव्यक्त हाइकुका अनिवार्य तत्त्वका विषयमा चर्चा नगरी आधुनिक हाइकुमा अनिवार्य मानिएको प्रकृति चित्रण कस्तो छ भन्ने सन्दर्भमा यो अनुसन्धान केन्द्रित छ । प्रस्तुत अनुसन्धान यस हाइकु कृतिभित्र प्रस्तुत प्रकृति चित्रित विषयवस्तुको खोजीमा आधारित छ । यसर्थ यो अध्ययन हाइकु कवितामा अनिवार्य मानिने प्रकृति चित्रणमा केन्द्रित छ ।

## समस्याकथन र उद्देश्य

ज्यालादारीका बारेमा सामान्य चर्चा भए पनि आँसुको छाल सङ्ग्रहभित्रका हाइकुमा प्रकृति चित्रणलाई आधार बनाएर आजसम्म अनुसन्धान नभएकाले प्रस्तुत अनुसन्धान आँसुको छाल हाइकुसङ्ग्रहमा प्रकृति चित्रण के-कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित छ । जापानी हाइकु लेखनमा प्रकृति बिम्बको प्रयोग अनिवार्य मानिन्छ । आधुनिक नेपाली हाइकु लेखनमा प्रकृति बिम्बका अतिरिक्त व्यङ्ग्यलाई पनि स्थान दिइँदै आएको अवस्थामा ज्यालादारीका हाइकुमा प्रकृति चित्रणको स्थिति पहिचान र विश्लेषण नै यो अनुसन्धानको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यो अनुसन्धान गुणात्मक अनुसन्धान विधिअन्तर्गत निगमनात्मक र सैद्धान्तिक ढाँचामा आधारित छ । अनुसन्धानलाई पूर्णता दिन सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय सामग्री अध्ययन प्रक्रियालाई प्रमुख स्रोत बनाइएको छ । पुस्तकालय अध्ययनबाट सामग्री सङ्कलन गरिएको आँसुको छाल कृति अनुसन्धानको प्राथमिक स्रोत हो । आवश्यकतानुसार विविध अध्ययन-अनुसन्धान, व्याख्या-विश्लेषण, समीक्षा-समालोचनालाई द्वितीय स्रोत सामग्रीका रूपमा लिइएको छ । यो अध्ययन निगमनात्मक प्रकृतिको व्याख्या विश्लेषण प्रक्रियामा आधारित छ । यसमा हाइकुसङ्ग्रहका सम्पूर्ण हाइकुमा प्रयुक्त प्रकृति चित्रणको खोजीलाई नै प्रतिनिधि नमुना छनोट सामग्री मानिएको छ ।

प्रकृतिप्रेमको अध्ययन गर्दा हाइकुसङ्ग्रहमा अभिव्यक्त प्रकृतिप्रेमयुक्त भावना र हाइकु सन्दर्भका टीका-टिप्पणी, विवेचना, समालोचना तथा लेखलाई पनि आधार बनाइएको छ । सङ्कलित सामग्री अध्ययन गर्दा विश्लेषणात्मक अवधारणात्मक प्रारूपमा वनस्पतिप्रतिको प्रेम जसमा वनस्पतिको स्वाभाविक गुणप्रतिको प्रेम र अनौठो गुणप्रतिको प्रेम, तन्मय प्रकृति प्रेम, मन्मय प्रकृति प्रेमलाई आधार बनाइएको छ । नदीनाला, बादल, वर्षा तथा जलस्रोतको प्रेम, भूगोल तथा धरातलीय स्वरूपको प्रेम, खगोलीय पिण्डको प्रेम, चरा, कीटपतङ्ग तथा जनावर प्रेम, ध्वनि, वायु, स्वाद तथा गन्धको प्रकृति प्रेम, सौम्य र रौद्र स्वभावको प्रकृति प्रेम, प्रकृतिको मानवीकरण र मानवको प्रकृतिकरणप्रतिको प्रेम, दिव्यता तथा ईश्वरप्रतिको प्रेमका विभिन्न अवधारणात्मक आधारको प्रयोग गरी भीम रानाभाटका हाइकुमा प्रकृतिप्रेमको खोज गरिएको छ ।

## विषय विश्लेषणको सैद्धान्तिक आधार

जापानी संस्कृतिको विस्तार र विकास हुँदै जाँदा आठौँ शताब्दीमा पद्य साहित्यको विकास भएपछि सन् ७६० मा 'मानयोसु' पद्य ग्रन्थ प्रकाशित भयो । चार हजार पाँच सय सोह्र रचना सङ्कलित ग्रन्थलाई जापानी पद्य साहित्यकै आदि रूप मानिन्छ । उक्त पद्यका सम्पादक काकिनोमोतो हितोमारोले मानयोसुको प्रकाशनपछि 'मैले निप्पनमा भाषिक रूपमा व्यापक परिवर्तनको दुस्साहस गरेँ' भनेका थिए (अधिकारी, २०५१, पृ. ४) । मानयोसुको प्रकाशनपछि जापानी भाषिक श्रीवृद्धिको अभियानमा जुट्दै कामाकुरा युगमा आइपुग्दा मसिना लघुतम साङ्केतिक कविता लेख्ने परिपाटी थालनी भएकाले त्यसलाई हाइकाइ अर्थात् हाइकु भनियो । '५, ७, ५ र ७, ७ अक्षरको ३१ अक्षरीय सूत्रको सीमाभित्र रहेको पाँच हरफे कविता ताङ्का हो' (अधिकारी, २०४९, पृ. १) । ताङ्काले दर्साएको प्रेम ११-१२ औं शताब्दीमा वैचारिक विश्लेषणबाट आध्यात्मिकतर्फ मोडिएपछि १७ औं शताब्दीमा त्यसलाई होक्कु अर्थात् हाइकु भनियो (अधिकारी, २०५१, पृ. ४) । माचुओ बासो, योसा बुसोन, कोबायासी इसापछिका मासाओका सिकी (१८८७-१९०२) पछिल्ला तर पहिला आधुनिक कवि हुन् । पूववर्ती कविले वस्तुनिष्ठ कुरामा अवस्तुनिष्ठ खोजी गरेका बेला मासाओका सिकीले वस्तुनिष्ठ कुरामा वस्तुनिष्ठ सत्यकै खोजी गरे । 'कवि मासाओका सिकीले नै होक्कुलाई हाइकु नामाकरण गरे' (थापा, २०६४, पृ.३३) । जापानीहरूले हाइकुलाई मिथकीय हिसाबमा हेर्ने भएकाले हाइकुको सम्बन्ध बौद्ध धार्मिक परम्परासँग नजिकै रहेको छ । बासोदेखि सिकीसम्मको परम्परालाई जापानी सभ्यता र संस्कृतिमा हाइकुले विकासको चित्र कोर्‍यो ।

हायकु, हाइकु, हा-इकुका विभिन्न स्वरूप हुँदै हाइकु लेखन मौलाउँदै जाँदा नेपालमा पनि आधुनिक हाइकु लेखन परम्परा अगाडि बढ्यो । नेपालीहरू सदा नयाँ चिन्तन र चिजको खोजीमा छन् भन्ने सन्दर्भ आधुनिक नेपाली हाइकुका प्रणेता शङ्कर लामिछाने (१९८४-२०३२) ले पुष्टि गरे । 'लामिछानेले वि.सं. २०१९ भाद्र महिनाको 'रूपरेखा' पत्रिकामा 'सूर्योदय' शीर्षकमा प्रकाशन गरेको हाइकु आधुनिक नेपाली हाइकु लेखनको प्रारम्भबिन्दु हो' (रानाभाट, २०७६, पृ. १८) । लामिछानेले हाइकु प्रकाशित गर्दा खिसीटिउरी गरेकाले रूपरेखा पत्रिकामै आलेख प्रकाशन गरेको पाइन्छ । साहित्यमा छोटो विधाका रूपमा रहेको हाइकुका बारेमा क्षेत्रप्रताप अधिकारीले आफ्नो 'हिम जून फूल' हाइकु पुस्तकमा हाइकाई हाइकुलाई परिचित गराएका छन् (अधिकारी, २०५१, पृ. ४) । अभि सुवेदीले हाइकुमा मानवीय संवेदना, प्राकृतिक सौन्दर्यतामा उदासीनताको भाव र विशाल भूमि विस्तारको चित्रण हुन्छ भनेका छन् (सुवेदी, २०४४, पृ.ग) । रमेश भट्टराईले हाइकुलाई साहित्यको लघुतम विधा मानेका छन् । उनले यसलाई उखान जस्तो पदावलीगत संरचना नभएर एउटा पूर्ण संरचना भएको सङ्कथन भनेका छन् (सन् २०२०, पृ. ३७) । बमबहादुर थापा जिताली (२०६४, पृ. ३१) ले हाइकुलाई ५-७-५ गरी १७ अक्षर समूहका तीन हरफको वर्णक्रमिक अनुशासनमा आबद्ध अभिव्यक्तिको सशक्त माध्यम भनेका छन् । असफल गौतम (२०६९, पृ. ३) ले हाइकु सियोको टुप्पो जस्तै हो, जसले चस्स घोचेको आभाष हुन्छ भनेका छन् । यसरी पूर्ण शास्त्रीय संरचनामा लेखिएको हाइकुमा पहिलो हरफमा पाँच अक्षर, दोस्रो हरफमा सात अक्षर र तेस्रो हरफमा पाँच गरी सत्र अक्षर हुन्छन् (वन्त, २०६१, पृ. ङ) । हाइकु शास्त्रीय संरचनामा मात्र पर्याप्त छैन । हाइकुको बाह्य संरचना र स्वरूपसँगै हाइकु हुन चाहिने आवश्यक तत्त्वबारे जापानी हाइकु कवि मोमोको कुरोदाले किगो (ऋतुबोधक शब्द), आकार (१७ शब्दक्रम), आकृति (भावना), अनसभव (चेतना), वर्तमान, विस्मय (आश्चर्य) र अनुकम्पन (करुणा) लाई हाइकुका तत्त्व मानेका छन् । अर्का जापानी हाइकु कवि नाकामुरा कुसाताओले कवितात्मकता, तीन पङक्तिको १७ अक्षर, किगो, प्रतीक, यथार्थचित्रण, किरेजी र सम्भावनालाई हाइकुका तत्त्व मानेका छन् (माली, २०७३, पृ. २१) । यी विविध सन्दर्भलाई हेर्दा आधुनिक नेपाली हाइकुका मुख्य तत्त्व विषयवस्तु, भाव, लयविधान, भाषाशैली, बिम्ब-प्रतीक र संरचना नै हुन् । यस अध्ययनमा यिनै सैद्धान्तिक पृष्ठभूमिलाई मुख्य आधार बनाइएको छ ।

साहित्यमा प्रकृति चित्रणको अध्ययन गर्दा प्रकृतिका अनेक स्वरूपलाई पूर्वीय रसवादबाट हेर्ने गरिन्छ । रसवादको दृष्टिबाट हेर्दा प्रकृतिलाई आलम्बन र उद्दीपनका रूपमा विभिन्न शृङ्गार, हास्य, करूण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भूत र शान्त नवरसका

माध्यमबाट अभिव्यक्त गरिएको पाइन्छ (रिजाल, २०७७, पृ. १६) । यहाँ प्रकृतिप्रेमको अध्ययनका सन्दर्भमा आँसुको छाल हाइकुसङ्ग्रह भित्रका १९५ हाइकुमध्ये नमुना छनोटमा परेका हाइकुमा अभिव्यक्त प्रकृतिप्रेमलाई वनस्पतिका स्वाभाविक गुणप्रतिको प्रेम अभिव्यक्त भएका, वनस्पतिका अनौठो गुणप्रतिका प्रेम अभिव्यक्त भएका, तन्मय प्रकृतिप्रेम तथा मन्मय प्रकृतिप्रेम अभिव्यक्त भएका, माटो प्रेम भएका हाइकुलाई आधार बनाएर अध्ययन गरिएको छ। यो मात्र नभएर नदीनाला, वर्षा, बादल तथा जलस्रोतप्रतिको प्रेम, भूगोल तथा धरातलीय स्वरूपप्रतिको प्रेम, खगोलीय पिण्डहरूप्रतिको प्रेम, चरा, कीटपतङ्ग तथा जनावरप्रतिको प्रेम, ध्वनि, वायु, स्वाद, तथा गन्धका आधारमा प्रकृति प्रेम, सौम्य स्वभावको प्रकृतिप्रेम, रौद्र स्वभावको प्रकृतिप्रेम, प्रकृतिको मानवीकरणप्रतिको प्रेम, मानवको प्रकृतीकरणप्रतिको प्रेम, दिव्यता तथा ईश्वरप्रतिको प्रेम, माटोको प्रेमलगायतका विभिन्न अवधारणात्मक आधारको प्रकृति चित्रणको अनुसन्धान गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## व्याख्या विश्लेषण

आधुनिक नेपाली हाइकु लेखन संरचनाका आधारमा अक्षर गणना गरेर (लेख्य) र अक्षर गणना नगरेर (उच्चार्य) लेख्य परम्परामा सामान्य, सेन्यु र आधुनिक तीन प्रकारका हाइकु लेखिएका छन् (रानाभाट, २०७६, पृ. ११-१३) । रोइला एवम् चुड्काका नाममा अभिव्यक्त सामान्य जनजीवनका लयबद्ध टुक्कालाई सामान्य हाइकु भनिन्छ । नेपाली साहित्यमा यसको संरचना शिल्पका आधारमा गद्य कविताभन्दा केही फरक हुनुको कारण यसमा सङ्ख्यात्मक संरचना हुन्छ । यसका साथै प्रकृतिबोधक शब्द, सूत्रात्मक भाषाको अपेक्षा भएकाले यसलाई पद्य काव्यको निकटस्थ विधा हो भन्न सकिन्छ (भट्टराई, सन् २०२०, पृ. ३५) जसमा नेपाली चुड्का, ख्याली, रोइला गीत र हाइकुका संरचनाबिच भिन्नता भए तापनि त्रिपदीय ढाँचामा समानता पाइन्छ । पछिल्लो समय आधुनिक हाइकु र ताङ्का लेखन परम्परा बढेपछि हाइकुकै संरचनामा लेखिएका व्यङ्ग्यात्मक कवितालाई सेनेरियो छोटकरीमा सेन्यु भनिन्छ (थापा, २०६४, पृ. ४७) । १७ अक्षरमा बिम्ब, प्रतीक र मौसमबोधक शब्दको प्रयोग विनाशास्त्रीय परिधिमा लेखिएका रचना सेन्यु (व्यङ्ग्य हाइकु) हुन् जसले समसामयिक विषयलाई तिखो व्यङ्ग्य हानेका हुन्छन् । सेन्युको विकास १७ औं शताब्दीको अन्त्यतिर एदो सहरमा भएको र सेन्युको इतिहास दुई सय पचास वर्ष पुरानो मानिन्छ ।

आधुनिक हाइकु रचनामा ऋतबोधक शब्द 'किगो' अर्थात् 'ऋतुबोली' अनिवार्य मानिन्छ । जसरी प्रकृति, ऋतु र मौसम अनुरूप बदलिन्छ हाइकुमा प्रयुक्त ऋतु शब्दले

पनि हाइकुको रूप त्यसैगरी बदल्न सक्नुपर्ने मान्यता आधुनिक हाइकुमा छ (पौडेल, २०७५, पृ. ८) । आधुनिक हाइकुले प्रकृतिको व्यवस्था जनाउने भएकाले उक्त शब्दको प्रयोग सार्थक हुनुपर्दछ । हाइकुमा प्रयोग भएको ऋतु शब्दले प्रकृति चित्रण गरेपछि सोही सन्दर्भको भ्रमण अनुभवलाई समेटी मानवीय संवेदना उत्पन्न गराउनु आधुनिक हाइकुको सामर्थ्य हो । नेपालमा छ ऋतुबाट प्रशस्त किगो लिन सकिन्छ । हाइकुका तीन हरफमध्ये पहिलो हरफले चित्र बनाउने तथा कौतुहलता पैदा गर्ने र बाँकी हरफले त्यसलाई पुष्टि गर्दछन् । हाइकु लेखनमा तारतम्य नमिल्दा त्यसको सौन्दर्य पक्ष मर्ने भएकाले हाइकुमा जुन एउटा चित्र तयार हुन्छ त्यो चित्रले सङ्केत गरेको सम्भावित दृश्य तीन पङ्क्तिमा अटाएको हुन्छ । एउटा अनुभव, सन्दर्भ तथा सन्देशलाई एउटा बिम्बले औँल्याउन खोज्छ, त्यो सम्भावित दृश्य नै हाइकु हो । यसमा प्रयोग भएको कसिलो तथा सूत्रात्मक भाषाले हाइकुलाई मजबुत बनाएको हुन्छ जहाँ लेखकको जीवन भोगाइ र अनुभव समेटिएको हुन्छ । प्रकृति बिम्बविनाका हाइकु जापानी काव्य परम्परामा सेन्यु मानिए पनि नेपाली हाइकु लेखन परम्परामा सेन्यु धेरै लेखिएका छन् । ज्यालादारीको आँसुको छालमा पनि त्यो संरचनाका केही हाइकुहरू छन् ।

## नेपाली साहित्यमा हाइकु

शङ्कर लामिछानेले आधुनिक नेपाली हाइकु लेखनलाई भित्र्याएसँगै विकास भएको हाइकु लेखनले विभिन्न चरण पार गरेको सन्दर्भका आधारमा विकासक्रमलाई पनि विभाजन गरेका छन् । बी.के. पाल्पालीले ‘हाइकु साहित्य र सैद्धान्तिक अवधारणा’ कृतिमा नेपाली हाइकु लेखनको विकासक्रमलाई वि.सं. २०१९ सालदेखि वि.सं. २०३० सालसम्म प्रारम्भिक काल, वि.सं. २०३१ सालदेखि वि.सं. २०४९ सालसम्म माध्यमिक काल र वि.सं. २०५० सालदेखि हालसम्म आधुनिक काल विभाजन गरेका छन् (पाल्पाली, २०६०, पृ. ६३) । रामकुमार पाँडेले ‘कौशिकी’ साहित्यिक त्रैमासिकको २६ औँ अङ्कमा वि.सं. २०१९ सालदेखि वि.सं. २०३९ सालसम्म प्रारम्भिक काल, वि.सं. २०४० सालदेखि वि.सं. २०५९ सालसम्म माध्यमिक काल र वि.सं. २०६० सालदेखि हालसम्म आधुनिक काल उल्लेख गरेका छन् (पाँडे, २०६५, पृ. २५३) । मधुसुदन गिरीले आफ्नो ‘नेपाली हाइकु : परम्परा र प्रवृत्ति’ कृतिमा हाइकुको विकासक्रमलाई वि.सं. २०१९ सालदेखि वि.सं. २०४३ सालसम्म प्रथम चरण, वि.सं. २०४४ सालदेखि वि.सं. २०४९ सालसम्म द्वितीय चरण र वि.सं. २०५० सालदेखि हालसम्म तृतीय चरण उल्लेख गरेका छन् (गिरी, २०६८, पृ. १२) । गौतम रानाभाट (२०७६, पृ. २०) ले ‘पोखरेली हाइकुको अध्ययन’ शीर्षकको शोधपत्रमा नेपाली हाइकुको विकासक्रमलाई वि.सं. २०१९ सालदेखि वि.सं. २०४९ सालसम्म पहिलो चरण,

वि.सं. २०५० सालदेखि वि.सं. २०६० सालसम्म दोस्रो चरण र वि.सं. २०६१ सालदेखि हालसम्म तेस्रो चरण भनी विभाजन गरेका छन् । आधुनिक नेपाली हाइकु लेखन परम्परा हेर्दा अध्येताले विभिन्न कालखण्डलाई छुट्याएर विकासक्रमको काल विभाजन गरेका छन् । यसरी विकसित हुँदै आएको आधुनिक नेपाली हाइकु लेखनमा भीम रानाभाट ज्यालादारी पनि क्रियाशील छन् ।

## हाइकुमा शब्दबिम्ब

जापानी हाइकुमा अभिव्यक्तिको सूत्रात्मक र चित्रात्मक शैली सिर्जना गरी समय सापेक्षतालाई चित्रण गर्ने र प्रकृतिको दर्शनलाई समेट्न ऋतुबोधक बिम्बको प्रयोग अनिवार्य हुन्छ । हाइकुमा सामान्य प्रकृतिको भाषाभन्दा गेयात्मक, ध्वन्यात्मक र बिम्बात्मक अभिव्यक्तिको कसिलो भाषा हुन्छ (भट्टराई, सन् २०२०, पृ. ३९) । नेपाली हाइकु लेखन सन्दर्भमा यो प्रयास हुँदै आएको अवस्था छ । नेपाली साहित्य लेखनमा बिम्ब, प्रतीक तथा अलङ्कारलाई अनिवार्य तत्त्वका रूपमा लिइन्छ । बिम्ब मस्तिष्कमा आउने तस्बिर र प्रतीक चिन्ह हो । कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दको चित्र, शब्दद्वारा निर्मित चित्र हो । सोही कारण बिम्ब चयन गर्दा जति सहजता र हार्दिकता बढ्छ, त्यति नै सिर्जना उत्कृष्ट बन्दछ । बिम्ब मुख्यतः शाब्दिक र आलङ्कारिक दुई प्रकारका हुन्छन् (लुइटेल, २०६७, पृ. १५) । यी दुई बिम्बभित्र हाइकु कसिलो हुन पुग्छ ।

शाब्दिक बिम्ब शब्दको खास अर्थ वा शाब्दिक अर्थमा परिवर्तन र विस्तार नहुने बिम्ब हो । शब्दमा अभिव्यक्त घटनालाई प्रतिनिधित्व गर्ने र इन्द्रियद्वारा अनुभव गर्न सकिने बिम्ब शाब्दिक हो । आलङ्कारिक बिम्ब शाब्दिक अर्थमा परिवर्तन वा विस्तार हुने गर्छ । इन्द्रिय अनुभवजन्य यथार्थलाई अर्कै चिजको वर्णन गरे जस्तो गरी प्रस्तुत गरिने अमूर्त विचारलाई वर्णन गर्न प्रयोग गरिने बिम्ब हो । सिर्जनामा प्रयोग हुने अधिकांश बिम्ब आलङ्कारिक भाषामा सम्प्रेषित हुन्छन् । बिम्ब संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । यसको शब्दकोशीय अर्थ प्रतिच्छाया वा प्रतिकृति हुन्छ (शर्म्मा, २०५८, पृ. ९६६) ।

वास्तवमा बिम्ब भनेको कुनै अनुभूति, वस्तु वा व्यक्तिका सम्बन्धमा मनभित्र बनेको तस्बिर हो । कुनै वस्तु वा विचारको प्रतिकृति वा मानसिक छायाछवि हो । जहाँ प्रत्यक्ष ज्ञात वस्तुका अतिरिक्त अतीतको कुनै दृश्य अथवा वास्तविक रूपमा देख्न नसिकने वस्तु, घटना त्यस्तै काल्पनिक प्रतिकृति, स्वप्निल दृश्य वा छायाको मानसिक झलक बिम्ब बनेर उत्रिएको हुन्छ । प्रतीक कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तु हो । प्रतीकले एक वा अनेक वस्तुलाई सङ्केत गर्ने भएकाले कुनै एक सत्यको स्तरमा मिल्दोजुल्दो अर्को

सत्यको उल्लेख नै प्रतीक हो । प्रतीकले ध्वन्यात्मक अर्थ दिएको हुन्छ । प्रतीक व्यञ्जनात्मक रूपमा विशिष्ट अर्थ प्रकट गर्ने शब्द समूह हो । प्रतीक कुनै अर्के चिजलाई बुझाउन प्रयोग गरिने भएकाले बढी अमूर्त हुन्छ । यसरी हाइकुको अभिव्यक्तिलाई सार्थक बनाउने काम बिम्ब र प्रतीकले गरेका हुनाले हाइकु लेखनमा दुवैको भूमिका उत्तिकै हुन्छ जसको प्रयोगले हाइकुलाई चोटिलो तथा व्यङ्ग्यात्मक बनाएको हुन्छ । जब मूर्त रूपमा बिम्ब प्रकटीकरण हुन्छ, त्यति बेला प्रतीकले जन्म लिन्छ । प्रतीकले निर्दिष्ट अर्थबोधतर्फ सङ्केत गर्छ भने बिम्बले बहुअर्थ दिन सक्छ । अलङ्कार पनि बिम्ब विधानकै उपक्रम हो । वक्रोक्ति र अतिशयोक्तिबाट सिर्जित बिम्बालङ्कार विशेष चमत्कार ठहर्छन् । नाटकीय अभिव्यक्ति अलङ्कार, रस, छन्द आदि हाइकुका सौन्दर्य पक्षलाई बढाउने वस्तु हुन् । यिनै सौन्दर्यले सिर्जनाको आत्मा र शरीर सिँगारिन्छन् । यस्तै बिम्ब र प्रकृतिबोधलाई आधार मानेर आँसुको छाल हाइकु कृतिमा अभिव्यक्त प्रकृति चित्रणलाई खोजिएको छ ।

## कृतिभित्रको प्राकृतिक विषयवस्तु चित्रण

नेपालको प्रकृतिलाई विषय बनाएर लेखिएका धेरै साहित्यहरूले विभिन्न ऋतुअनुसार वातावरणमा आउने परिवर्तनलाई लेखन आधार मान्छन् । कृषिप्रधान मुलुक नेपालमा रोजगारीका धेरै पाटा कृषि कर्मसँग जोडिएका छन् । आम नेपालीको कृषि जनजीवनलाई भीम रानाभाट ज्यालादारीले कतै माटोपानी, कतै नदीसँग मात्र नभएर बाढीपहिरो बगेसरी बगेका पसिना धाराले छरेको सुवास र मगमगाइरहेका चमेली फूलको सुगन्धलाई बिम्ब बनाएर हाइकु लेखेका छन् जसको साक्ष्यका लागि यी हाइकुलाई लिन सकिन्छ :

माटो पो बन्यो
बदलिएर शिला
परिश्रमले ।

पसिनाधारा
उर्लिंदै छ नदीझैँ
सुख्खा किनारा । (पृ. १)

माटोलाई कस्तो आकार र स्वरूपमा परिणत गर्ने ? कस्तो परिणाम निकाल्ने भन्ने कुरा परिश्रमले निर्धारण गर्छ । आलो माटोलाई शिला बनाउने पनि परिश्रम नै हो । यसैले माटो आधारभूत सामग्री हो । हाम्रो परिश्रम माटोलाई शिला बनाउन मात्र नभएर परिश्रमबाट निस्केका पसिनाबाट कहिलेकाहीँ परिणाम ननिस्केका र नदीझैँ उर्लंदै बगेको

माटो प्रेम पनि हाइकुमा अभिव्यक्त छन् । यस्तै, श्रम-सिपको सदुपयोग हुँदाका प्राप्तिलाई रेखाङ्कन गर्ने साक्ष्यका लागि प्रस्तुत हाइकुलाई लिन सकिन्छ :

नदीझैँ बग्छ
देश समुन्नतिमा
पसिना धारा । (पृ. १३)

चमेली फूल
मगमगाइरह्यो
श्रम, सिपमा । (पृ. ४९)

जीवन माटो
श्रम र पसिनाको
झर्छ असिना । (पृ. ५०)

देशको समुन्नतिका लागि हाम्रा पसिना नदी बनेका छन् । श्रम र सिप चमेली फूल मग्मगाउने आधारस्तम्भ हुन् । हाम्रो धरालतीय स्वरूपअनुसार पसिना, श्रम र सिपको सदुपयोग हुन नसक्दा सहजै हुने कार्यमा पनि विघ्नबाधा पैदा भएका सन्दर्भलाई प्रकृति बिम्बका माध्यमबाट यसरी अभिव्यक्त गरिएको छ ।

प्रत्यक्ष देख्न र छुन सकिने प्रकृतिका वस्तुप्रतिको वस्तुपरक चित्रण र प्रेमलाई तन्मय प्रकृतिप्रेम भनिन्छ जसमा हिमालदेखि समुद्रसम्मका स्थल, त्यहाँका रुखबिरुवा, वनजङ्गल, पानी, खोलानाला, जीवजन्तु एवम् पशुपन्छी, आकाशीय ग्रह नक्षत्रादि पर्दछन् । यिनै तत्त्वप्रतिको प्रेम तन्मय प्रकृतिप्रेम हो । ज्यालादारीका हाइकुमा अभिव्यक्त तन्मय प्रकृतिप्रेमको चित्रणका लागि निम्न साक्ष्यलाई लिन सकिन्छ :

आमा म पनि
जीवन सजाउँछु
हिमालजस्तै । (पृ. २)

मन पग्लेर
बनेको हिमनदी
दर्द बढाउँछ । (पृ. ३)

नेपालीको हृदय हाँसोस्-नहाँसोस् हाम्रो हिमाल हाँसिरहेको छ । हाँसेको हिमाल हेरेर हामीले बाँच्न सिक्नुपर्छ । बगेका हिमनदी हेरेर रमाउन सक्नुपर्छ किनकि दुखेको मनले बगेका हिमनदी देख्दा मनको दर्द हराउँछ । हामी रमाउन जान्नुपर्छ भन्ने सौम्य प्रकृतिप्रेम हाइकुमा अभिव्यक्त छ । नेपाली हाइकु संरचनामा नेपाली समाज र प्रकृतिका प्रशस्त किगोहरूलाई समेट्न सकिन्छ । यसका साथै भाषिक सुगठन र सचेतन अभ्यास पनि उत्तिकै आवश्यक हुन्छ (भट्टराई, सन् २०२०, पृ. ३९) । उक्त कुरालाई लेखकले बिम्बात्मक भाषाका माध्यमबाट समेटेको देखिन्छ ।

ज्यालादारीका हाइकुमा मनमय प्रेम पनि पाइन्छ । प्रकृतिको वास्तविक स्वरूपलाई स्रष्टा वा व्यक्तिको मनले आफ्नो अनुकूल विचार गरेर प्रकट गर्ने मनोभावना तथा प्रेममय भावनालाई मन्मय प्रकृतिप्रेम भनिन्छ । प्रकृतिमा अनगिन्ती प्राकृतिक सम्पदा छन् । ती सम्पदा र तिनीहरूका विशेषतालाई हेर्ने र विवेचना गर्ने तर्क एवम् भावना व्यक्तिपिच्छे फरक हुन्छन् जसको साक्ष्यका लागि यी हाइकुलाई लिन सकिन्छ :

युग हेर्दै छे
सिक्रो डालीमा रुँदै
खिन्न जुरेली ।

उदाउन त
उदायो रातो घाम
फेरि अस्तायो (पृ. ४)

घाम उदायो
हिमाल मुस्कुरायो
फुल्यो गुराँस ।

नीलो आकाश
कति हो कति टाढा
हाम्रो उद्देश्य । (पृ. ३०)

हिजोआज चारैतिर बढ्दो सहरीकरण हुँदा सिक्रो डालीमा जुरेली रुन बाध्य छ । नेपाल आमासँग हिमाल जस्तै जीवन सजाउने अभिलाषाले बिहान जुर्मुराउँदै उदाएको रातो घाम बेलुका मधुरो भएर अस्ताउन बाध्य छ । त्यो सत्यलाई हेरेर हामी बाँच्नुपर्छ जसलाई हिमाल, हिमनदी, सिक्तो डाली र अस्ताउँदो घामका माध्यमबाट ज्यालादारीले मनमय प्रकृतिप्रेम दर्साएका छन् ।

समयको कालक्रमलाई चाहेर कसैले रोक्न सक्दैन, असिना झर्दा श्रम र पसिनामा रमाएको जीवन माटो भएर जान सक्ने रौद्र स्वभावको प्रकृतिप्रेम पनि आँसुको छाल कृतिभित्रका हाइकुमा अभिव्यक्त छन्, जसको साक्ष्यका लागि यी हाइकुलाई लिन सकिन्छ :

उर्लिएको छ
स्पन्दनका झिल्कामा
बाढीपहिरो । (पृ. २)

वर्षाको पानी
बाढीपहिरो जानी
दुःखको खानी । (पृ. २१)

सिम्सिमे पानी
सुख्खा छ जिन्दगानी
धर्तीपुत्रको । (पृ. ८)

गड्याङ्गुडुङ
महावर्षा भेल भो
बाँच्ने सङ्घर्ष । (पृ. २७)

नेपालीलाई प्रकृतिले पनि समय-समयमा दुःख दिएको छ । प्रकृतिले भरोसापूर्ण मानिएको दिनचर्यालाई दुर्दशा र दुर्भाग्यमा परिणत गरिदिँदा बाँकी जीवन बोझ सम्झेर बाँच्नुपर्ने अवस्था आएको छ । यसरी प्रकृतिको रौद्र स्वभावको चर्चा हाइकुमा भएको छ ।

रौद्र प्रकृतिप्रेम मात्र होइन सौम्य र शान्त प्रकृतिप्रेम पनि हाइकुमा अभिव्यक्त छ जसबाट मानिसलगायत सम्पूर्ण जीवले आनन्द र शान्ति प्राप्त गर्न सक्छन् । जुनेली रात होस् वा वसन्तको फूलैफूलले ढाकेको बगैँचा किन नहोस्, साहित्यकार सौम्य प्रकृतिमा रमाउने हुन्छन् । त्यो चाह ज्यालादारीका हाइकुमा यसरी अभिव्यक्त छ :

दलदलमा
मगमगाउँदै छ
कमल फूल । (पृ. ८)

कमल फूल
जस्तै हो यो यात्रा
दलदलमा । (पृ. २४)

पानीमा लेख्न
अन्धकारमा देख्न
सके पो मान्छे ।

जीवनचक्र
कमिलाको पनि छ
हात्तीको जस्तै । (पृ. २७)

बगेको पानी
उस्तै आँखाको नानी
सुन्दर हुन्छ । (पृ. ५१)

ज्यालादारीले सौम्य प्रकृतिप्रेमलाई मिठो तरिकाले व्यक्त गरेका छन् । कहिले सिमसिमे पानी, कहिले उर्लिएको बाढीपहिरो, कहिले दलदले हिजो जस्तो भए पनि हिलोमा कमल फुले जसरी हामी फुल्न सिक्नुपर्छ । पानीमा भविष्य र भाग्य लेख्न खोज्नुपर्छ । सङ्घर्षमा जीवन देख्न सिक्नुपर्छ भन्ने सन्दर्भलाई कृतिका हाइकुले थप प्रस्ट्याएका छन् ।

आकाशमा देखापर्ने सूर्य, चन्द्रमा, तारा, ग्रह-उपग्रह खगोलीय पिण्डअन्तर्गत पर्दछन् । तिनै वस्तुप्रति गरिने प्रेमभाव, आकर्षण र श्रद्धा नै खगोलीय पिण्डप्रतिको प्रेम हो । ज्यालादारीले आफ्ना हाइकुमा खगोलीय प्रेम पनि अभिव्यक्त गरेका छन् । सूर्योदयको सुनौलो दृश्य तथा किरण, चन्द्रमाको कला, ताराको चम्काइ र ग्रहको गतिमा प्रेम र श्रद्धाभाव प्रकट गरिएको छ जसको साक्ष्यका लागि यी हाइकुलाई लिन सकिन्छ :

नौ लाख तारा
देशका सर्वहारा
जूनको खोजी ।

चराझैँ उडे
विमानस्थलबाट
नेपाली युवा । (पृ. ९)

तारा हराए
देशमा रातो घाम
लाग्छ अब त । (पृ. १०)

नेपालीले जूनको खोजी गरेका छैनन् । शरीरमा एकसरो वस्त्र र साँझ बिहानको छाक टार्न नेपाल आमाका वीरवीराङ्गना सन्तान चरो उडेझैँ जहाजमा उडेर परदेसिएका

छन् । जूनको खोजीमा पराइको भूमिमा हिँडेका नेपाली भौँतारिएका तारा भएका सन्दर्भलाई ज्यालादारीले खगोलीय पिण्डप्रेमका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

ज्यालादारीले ध्वनि, वायु, स्वाद, तथा गन्धका आधारमा प्रकृतिप्रेम अभिव्यक्त भएका हाइकु लेखेका छन् । जीवनको चौतारीमा श्रम पाखुरी यसरी पलायन हुँदै जाँदा देशमा आँसुको छालले सुनामी ल्याउँछ भन्ने साक्ष्यका लागि यी हाइकुलाई लिन सकिन्छ :

थकाइ मार्छ
जीवनको चौतारी
श्रम पाखुरी । (पृ. १०)

सुनामी आउँछ
दरबारमा अब
आँसु छालले । (पृ. ११)

देशमा आएका परिवर्तनले ल्याएको वर्तमान शासन व्यवस्था र अवस्थालाई ज्यालादारीले प्रकृति बिम्बका माध्यमबाट चिनाएका छन् जुन साक्ष्यलाई यी हाइकुद्वारा प्रस्ट्याएका छन् :

कुखुरा चल्ला
कावा खाएको चिल
घुरेर हेर्छ ।

कस्तो मित्रता
हरिण र बाघको
लोकतन्त्रमा । (पृ. १२)

हनुमानझैँ
रामभक्त अचेल
पहाड बोक्छ । (पृ. ४८)

केही हाइकुलाई आजको लोकतन्त्रलाई हरिण र बाघसँग, कुखुराको चल्ला र चिलसँग, डाँडाको रातो घाम र कालो चस्मासँग मात्र तुलना गरिएको छैन । हाम्रा रामभक्तहरू हनुमान भएका, नेताहरू धमिलो पानीका माझी बनेका ध्वनि, वायु, स्वाद तथा गन्धलाई ज्यालादारीले यसरी व्यक्त गरेका छन् :

ज्वाराभाटाझैँ
उनको जनक्रान्ति
हरायो कता । (पृ. २३)

धमिलो पानी
माझी पो बनेका छन्
यी नेताहरू । (पृ. २९)

हल्ला चर्को छ
स्यालहरूको गुफा
सिंहदर्बार । (पृ. ३७)

कालो विचार
छेकेर चन्द्रज्योति
सधैँ छ औँसी । (पृ. ३९)

समयको फेरबदल, रातपछिको दिनमा आइलाग्ने परिस्थितिलाई ज्यालादारीले जूनको आभा, कोइलीको कुहुकुहुका सौन्दर्यसँग जोडेका छन् । घाम लागेपछि जाडो भाग्ने, पलाँस फुल्ने, चन्द्रमाले बादलको बुट्टा काट्ने, परिश्रममा धरती रमाउने, बिहानी लालीले सौन्दर्य छर्ने, धोबिनी डालामा घाँस पलाउने, सङ्घर्षमा जीवन फुल्ने अभिव्यक्ति हाइकुमा यसरी व्यक्त भएका छन् :

कुहिरो उड्छ
जब घाम लाग्दछ
जाडो भाग्दछ ।

परिश्रममा
खुसी हुन्छ धरती
फुल्छ जीवन ।

धोबिनी डाला
कल्कलाउँदो घाँस
जिउने आस । (पृ. १४)

बादल बुट्टा
काट्दै हिँड्छ चन्द्रमा
साँझको बेला । (पृ. १५)

प्रकृति छाया
सङ्घर्षसँग माया
फुल्छ जीवन । (पृ. २०)

पानीको बल बिजुलीको तारमा मात्र होइन बाढीपहिरोमा पनि हुन्छ । कुनै वस्तुको क्षमता झट्ट हेरेर देख्न नसकिने हुन्छ । वर्तमानमा प्रकृतिको अपार सम्भावना र जोखिमलाई आकलन गर्न नसक्दा कालान्तरमा खराब परिणाम ल्याउने सन्दर्भलाई उनले हाइकुका माध्यमबाट यसरी व्यक्त गरेका छन् :

पानीको बल
बिजुलीको तारमा
देख्यौं हिँडेको । (पृ. १६)

वर्षाको पानी
बाढीपहिरो जानी
दु:खको खानी । (पृ. २१)

तातो छ हिउँ
चिसो छ आगो पनि
बिब्ल्याँटो पल ।

पानीमा झिल्को
देख्छ कलम मेरो
युगभरि नै । (पृ. २४)

थोपाको शक्ति
उर्लँदा कोशी-काली
अवगत भो । (पृ. २५)

जङ्गल उराठ भएको बेला न्याउलीले विरह पोख्छ । न्याउलीले विरह पोख्दा मानव जीवनमा घामछाया र नीलो आकाश सुन्दरताको प्रतीक बनेर आउन सक्छ । जुनेली लुक्न सक्दैन । यसैले डुब्दै उत्रँदै गरेको हुन्छ भन्ने भावलाई उनले हाइकुलाई माध्यमबाट यसरी अभिव्यक्त गरेका छन् :

न्याउली चरी
उराठ छ जङ्गल
शुष्क जीवन । (पृ. १७)

घाम र छाया
चाहिन्छ जीवनमा
घृणा र माया । (पृ. १८)

निलो आकाश
चुपचाप सागर
छर्लङ्ग ऐना । (पृ. १९)

ज्यालादारीले देशमा व्यवस्था फेरिदा अवस्था उस्तै र मानवमा विभेद देखिएका वर्तमान दृश्यलाई राता फूलसँग तुलना गर्दै लालुपातेको रङ्ग पखालियो भनेर मानवको प्रकृतिप्रतिको प्रेमलाई दर्साएका छन् जसको साक्ष्यका लागि यी हाइकु लिन सकिन्छ :

कसरी देख्छ
डाँडाको रातो घाम
कालो चस्माले । (पृ. १३)

बनाउने को
आकाश धर्ती जस्तो
मान्छेको जात । (पृ. ३१)

रगत जस्तै
रातो अनि तातो छ
फूल अचेल ।

मानवको प्रकृतिकृत चित्रको अनौठो सन्दर्भलाई कालो चस्मा लगाएपछि डाँडाको घाम कस्तो देखिन्छ भनेर चिन्ता व्यक्त गरिएको छ । यस्तै साक्ष्यका लागि यी हाइकुलाई हेर्न सकिन्छ :

पखाल्छ किन
आफ्नै निख्खर रङ्ग
लालुपातेले । (पृ. ३४)

वनफूलको
अवमूल्यन हुँदा
मौसम रुन्छ । (पृ. ३५)

लालुपातेझैँ
लछप्पै छ सडक
जनक्रान्तिले । (पृ. ४०)

राज्यको नीति
दुर्गन्धी भएपछि
ढलझैँ देश । (पृ. ४३)

खसेका तारा
देशका सर्वहारा
उस्तै-उस्तै हुन् । (पृ. ५७)

वर्तमानमा देखिएको प्रकृतिकरणको प्रेमलाई देख्दा वनफूलको अवमूल्यन भयो कि भन्ने अनुभूति हुन्छ। यसबाट कतै राज्यमा लेखिएका कानून व्यवहारमा नदेखिएका कारणले देशमा दुर्गन्ध फैलिएको त छैन भन्दै ज्यालादारीले डाँडाको रातो घाम, लालुपातेलगायतका प्राकृतिक बिम्बका माध्यमबाट हाइकुमा व्यङ्ग्यसमेत गरेका छन् ।

प्रकृतिलाई राम्ररी सदुपयोग गर्न जान्दा मानिसले सुख, सन्तोष, हर्ष र आनन्द पाउँछ । नजान्दा कहिलेकाहीँ विपत् पनि व्यहोर्न परेको छ । नदीको पानी र मान्छेको जिन्दगानी उस्तै-उस्तै भएकाले गरिबको झुपडीमा जीवन ढलेका र प्रकृतिसमेत रोएका सन्दर्भ हाइकुमा आएका छन् । प्रकृतिको संरक्षण नगर्दा प्रकृतिको रौद्र स्वभावलाई उनले यसरी प्रस्ट्याएका छन् :

हिमपात भो
गरिबको झुपडी
लुगलुग छ ।

रोयो हिमाल
अग्लो छाल नदीमा
ढले जीवन । (पृ. ३६)

नदीको पानी
मान्छेको जिन्दगानी
भङ्गालो जस्तै । (पृ. ३८)

ज्यालादारीका हाइकुमा साहसी नेपालीको जीवन, धर्ती र सिमसिमे पानीको इन्द्रेणी छ। सुमधर इन्द्रेणीको दृश्यमा हाम्रो भाग्य र भविष्य लुकेको बिम्बलाई प्रतिबिम्बित गराउने हाइकुको साक्ष्यका लागि यसलाई लिन सकिन्छ :

राराको तह
बहभन्दा गहिरो
प्रकृति बिम्ब। (पृ. ४०)

पहाडी पाखा
साहसी नेपालीको
जीवन ऐना।

तुवाँलो वर्षा
सिमसिमे इन्द्रेणी
धर्तीको रङ्ग। (पृ. ४१)

पसिना बुँद
तप्प खस्दा माटामा
हलक्क धर्ती। (पृ. ४३)

समय-समयमा देशमा आइपरेका विपत्ति र महामारीले जनजीवन आक्रान्त छ। कहिले भूकम्प, कहिले छाल, कहिले बाढीपहिरो जनजीवन थिलोथिलो छ। त्यो थिलोथिलो अवस्थामा घरमा मात्र होइन परदेसिएका दाजुभाइलाई उस्तै चिन्तामा पारेको सन्दर्भलाई हाइकुमा यसरी व्यक्त गरिएको छ :

छाल छ छाल
नेपालीको बेहाल
मरुभूमिमा।

पालको बास
छैन गाँस, कपास
शून्य छ आस। (पृ. ४४)

सधैं आउँछ
अभावको भूकम्प
हाम्रो बस्तीमा।

बाँकी छ सास
खण्डहर आवास
राहत आस। (पृ. ४५)

भीम रानाभाट ज्यालादारीका हाइकुमा प्रकृतिका सौम्य र रौद्र स्वभाव, वनस्पतिका स्वाभाविक र अस्वाभाविक, प्रकृतिका तन्मय-मन्मय प्रेम, नदीनाला, वर्षा, बादल तथा जलस्रोत, भूगोल तथा धरातलीय स्वरूप, खगोल, चरा, कीटपतङ्ग, जनावरप्रतिको प्रेम, ध्वनि, वायु, स्वाद, तथा गन्धको प्रेम, प्रकृतिको मानवीकरणप्रति र मानवको प्रकृतिकरणप्रतिको प्रेम, दिव्यता तथा ईश्वरप्रतिको प्रेमलगायतको चित्रण पाइन्छ ।

कृतिका केही हाइकुमा राज्यमा रहेको राजनीतिक कुसंस्कार, शैक्षिक बेरोजगार, गरिबीले पारेका असर, कला संस्कृति संरक्षणमा देखिएका उदासीनता र समाजमा विद्यमान विकृतिका र वर्तमान स्थितिको चित्रण गरेका छन् । सडक, सदन हुँदै सरकारका असफलताका कुरा जल, जमिन, जङ्गल, पाटी, पौवादेखि गाउँका टौवासम्मका बिम्ब हाइकुमा आएका छन् । यस्तै केही हाइकुमा भ्रष्टाचार, विकृति, विसङ्गति, बेथिति, हाम्रो खराब मानसिकताको उब्जाएको गलत प्रवृत्ति, कर छली, कालो बजारी, नेता, कार्यकर्ता, कर्मचारी, व्यापारी, ठेकेदारका सिन्डिकेट व्यवहारले सोझा, सिधा नेपालीले दुःख पाउन परेका यथार्थ अभिव्यक्त छन् । देशको मुख्य नीति राजनीतिलाई हिजोआजको ढलको बिम्बका माध्यमबाट देखाएर सत्तामा रहेका दल र तिनका व्यवहार र आसेपासेका दम्भ ज्यालादारीका हाइकुमा विविध बिम्ब बनेर आएका छन् । देशलाई सुख, शान्ति र समृद्धिको बाटोमा डोऱ्याउन परिवारका हरेक व्यक्ति, राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र सही मार्गमा अगाडि बढ्नुपर्ने अवधारणालाई हाइकुमा देखाइएको छ । व्यक्तिवादी चिन्तनका कारण देशको शिक्षा, स्वास्थ्य, वातावरण, रोजगारीलगायतका क्षेत्रमा जनताले पीडा भोगेका छन् । आजको व्यवस्थामा पनि सेवक मानेका नेताहरू सीमित व्यक्तिका वरिपरि डुल्दा सिङ्गो राष्ट्र मारमा परेका पीडा, क्रन्दन र रोदन कृतिमा छाल बनेर निस्केका छन् ।

## निष्कर्ष

प्रकृति एक व्यापक तथा महत्त्वपूर्ण पक्ष भएकाले विवेच्य कृतिमा विविध स्वरूपका प्रकृतिप्रेम अनेक माध्यमबाट प्रकट भएका छन् । स्रष्टाले प्रकृतिप्रति आकृष्ट, अनुरागी तथा समर्पित भएर अभिव्यक्त गरेको भाव नै प्रकृतिप्रेमको रूपमा आएको छ । प्रकृतिका विविध स्वरूप भए जस्तै स्रष्टा पिच्छे प्रकृतिप्रेमको भाव फरक हुन सक्दछ । यस कृतिभित्र नमुना छनोटमा परेका हाइकुमा प्रकृतिका रुख, बिरुवा, पात, पतिङ्गर, चराचुरुङ्गी, खोला, नाला, छहरा, झर्ना, ऋतु, जूनकिरी, सूर्य, चन्द्र, वर्षा, बादल, दिन जस्ता प्रकृति स्वरूप प्रयोगमा आएका छन् । प्रकृतिका विविध रूपमध्ये वनस्पति, मानवीय स्वभाव, तन्मय प्रकृति, मन्मय

प्रकृति, नदीनाला, वर्षा, बादल, भूगोल तथा धरातलीय स्वरूप, खगोलीय पिण्डहरू, चरा, कीटपतङ्ग, जनावर, ध्वनि, वायु आदिप्रतिको प्रेम आँसुको छाल हाइकु सङ्ग्रहका नमुना छनोटमा परेका हाइकुमा व्यक्त भएका छन् । प्रकृतिको रौद्र स्वभाव तथा सौम्य स्वभावप्रति पनि प्रेमभाव प्रकट गर्दै प्रकृतिकै अङ्ग मानिने ईश्वरप्रति पनि श्रद्धाभाव र महत्त्व प्रकट गरेका छन् । यी आधारबाट ज्यालादारी प्रकृतिप्रेमी हाइकुकार भएको पुष्टि हुन्छ । प्रकृति नै सारा संसारको मूल तत्त्व हो, प्रकृतिबाटै चराचर जगत्का हरेक क्रियाकलाप अनवरत र सन्तुलित ढङ्गले चलिरहेका छन् । प्रकृतिको अभावमा कोही, केही र कसैको अस्तित्व छैन भन्ने प्रकृतिप्रेमी भाव ज्यालादारीका हाइकुमा अभिव्यक्त भएका छन् ।

## सन्दर्भ सामग्री


अधिकारी, क्षेत्रप्रताप (२०४९), *जापानी नवरत्न,* अक्षर प्रकाशन ।

अधिकारी, क्षेत्रप्रताप (२०५१), *हिम जून फूल,* हिमाली पुस्तकालय ।

अधिकारी, क्षेत्रप्रताप (२०६१), *हाइकु र हाइजिन,* अक्षर प्रकाशन ।

गिरी, मधुसूदन (२०६८), *नेपाली हाइकु : परम्परा र प्रवृत्ति,* मध्यपश्चिमाञ्चल साहित्य परिषद् ।

गौतम, असफल (२०६९), हाइकु लेखनको स्वर्ण वर्ष : चर्चा शङ्करको, *पोखरा विमर्श,* वर्ष ४, अङ्क २१, पद्मराज उदासी ।

गौतम, असफल (२०७६), आधुनिक नेपाली हाइकुको पार्श्वचित्र, *पूर्णिमा* ४९, हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान ।

थापा, बमबहादुर जिताली (२०६४), *जापानी छन्दमा नेपाली कविता,* मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान ।

पाल्पाली, बी.के. (२०६०), *हाइकु साहित्य र सैद्धान्तिक अवधारणा,* जनमत प्रकाशन ।

पाँडे, रामकुमार (२०६५), नेपाली विचार शृङ्खला : सानो सर्वेक्षण, *कौशिकी* २६, कौशिकी साहित्य प्रतिष्ठान ।

पौडेल, कृष्णप्रसाद (२०७५), *नेपालीपन,* हेमजा साहित्य प्रतिष्ठान ।

भट्टराई, रमेश (सन् २०२०), नेपाली लोकसाहित्यसँग लघुतम पद्य हाइकुको सम्बन्ध, *एएमसी जर्नल,* अङ्क १, आदर्श बहुमुखी क्याम्पस, पृ. ३०-४९ । DOI:10.3126/amcj.v1i1.33391

माली, इन्द्र (२०७३), *नेवाः हाइकु द्वैमासिक,* वर्ष ६, अङ्क २, पूर्णाङ्क २२, नेपाल हाइकु प्रतिष्ठान ।

रानाभाट, गौतम (२०७६), *पोखरेली हाइकुको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, पोखरा ।

रानाभाट, भीम ज्यालादारी (२०७३), *आँसुको छाल,* सुनाखरी सन्देश पत्रिका ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली गीत गजल,* साझा प्रकाशन ।

वन्त, तीर्थराज (२०६१), *ज्योति-त्रि-पुञ्ज,* वासु शशि स्मृति परिषद् ।

रिजाल, राजेन्द्रप्रसाद (२०७७), *तरुणतपसीमा प्रकृति चित्रण,* अप्रकाशित शोधपत्र, त्रि.वि. केन्द्रीय नेपाली विभाग, कीर्तिपुर, काठमाडौँ ।

शर्म्मा, वसन्तकुमार (२०५८), *नेपाली शब्दसागर,* भाभा पुस्तक भण्डार ।

सुवेदी, अभि (२०४४), *जापानी हाइकु : हिजो र आज,* साझा प्रकाशन ।

## लेखक विवरण

*गौतम रानाभाट* पोखराको छापा तथा अनलाइन पत्रकारितामा क्रियाशील हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायबाट नेपाली साहित्य र राजनीतिशास्त्रमा स्नातकोत्तर गर्नुभएका गौतमका साहित्यतर्फ उपन्यास, गीत, गजल, मुक्तकसहित अनुसन्धान र समीक्षाका दर्जन कृति प्रकाशित छन् । विभिन्न अक्षयकोषका संस्थापक उहाँ समाजसेवा, साहित्य र पत्रकारिताका क्षेत्रमा स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरका सम्मान-पुरस्कारबाट विभूषित हुनुभएको छ। कुशल उत्प्रेरकसमेत रहनुभएका गौतम पुस्तक समीक्षा तथा समालोचनामा रुचि राख्नुहुन्छ ।